# प्रदेश राजधानी वीरेन्द्रनगरको स्थानगत एकीकृत विकास योजना निर्माणको परियोजना अवधारणा

## १. परिचय

(१.१) २०७४ फागुन १२ गते प्रदेश सभाको चौथो बैठकले सुर्खेतको वीरेन्द्रनगरलाई कर्णाली प्रदेशको स्थायी राजधानी बनाउने घोषणा गरेको थियो। वीरेन्द्रनगरमा हाल प्रदेश सरकारका विभिन्न मन्त्रालयहरू तथा संघीय सरकारका क्षेत्रीय, प्रादेशिक तथा जिल्ला सस्तरीय कार्यालयहरू तथा निकायहरू कार्यरत रहेका छन्। प्रदेश सरकारले वीरेन्द्रनगर नगरपालिकासँग सह-कार्य गरी यसको स्थानगत एकीकृत विकास योजना निर्माण कार्य अघि सारेको छ। प्रदेश सरकारले प्रादेशिक राजधानी वीरेन्द्रनगरलाइ नेपालको एक सुव्यवस्थित, योजनाबद्ध र सुन्दर प्रादेशिक राजधानी बनाउने सोंच अघि बढाएको छ।

(१.२) स्थानगत एकीकृत विकास योजनाले स्थानीय जनता र त्यहाँको भूगोलको वीचमा अन्तरसम्बन्ध कायम गरी स्थानीय नागरिकहरूको आर्थिक सामाजिक समृद्धिलाई प्रवर्द्धन गर्नेछ। यस योजनाले नगर क्षेत्रको यातायात, वातावरण संरक्षण, भू-उपयोग, आवास योजना, स्थानीय आर्थिक विकास, शिक्षा, स्वास्थ्य एवं सामाजिक विकास, पूर्वाधार विकास जस्ता क्षेत्रलाई समेट्नेछ। एकीकृत विकास योजना विकास तथा समृद्धिको रूपरेखा मात्र नभएर सम्बन्धित क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण र मानव एवम् प्रकृतिवीचको तालमेलको मार्गदर्शन पनि हो। यस अवधारणापत्रले विरेन्द्रनगरको एकीकृत विकास योजना निर्माणको लागि आवश्यक मार्गदर्शन तथा कार्यान्वयनको खाका प्रदान गर्नेछ। वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी समेत भएकाले यसको प्रशासनिक आवश्यकता, कर्णाली प्रदेशको समग्र पहिचान र यस नगरलाई पर्यटकीय आकर्षक केन्द्र तथा प्रादेशिक प्रशासनिक केन्द्रका रुपमा विकास गर्न वीरेन्द्रनगर नगरपालिका र प्रदेश सरकारको सह-कार्यमा वीरेन्द्रनगर स्थानगत एकीकृत विकास योजना निर्माणको परियोजना अघि बढाईएको छ। यस योजनाको सिकाइको आधारमा कर्णालीका अन्य क्षेत्रमा समेत यस्ता योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२. **स्थानगत एकीकृत विकास योजनाका सम्भागहरुः** वीरेन्द्रनगर स्थानगत एकीकृत विकास योजनामा देहायका योजनाहरू समावेश हुनेछन्।

(२.१) **जोखिम संवेदनशील भू-उपयोग योजना (Risk-sensitive Land Use Plan):** भू-उपयोग क्षेत्र निर्धारण गर्दा नेपाल सरकारबाट जारी भू-उपयोग नीति, २०७२ तथा भू-उपयोग ऐन, २०७६ लाई आधार लिनु पर्नेछ। यस नीति अनुसार भू-उपयोग क्षेत्र निर्धारण तथा योजना तर्जुमा गर्दा यस क्षेत्रको भूगोललाई स्थानीय विशेषताको आधारमा (१) कृषि क्षेत्र, (२) आवासीय क्षेत्र, (३) व्यावसायिक क्षेत्र, (४) औद्योगिक क्षेत्र, (५) खानी तथा खनिज क्षेत्र, (६) साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, (७) नदीनाला तथा तालतलैया क्षेत्र (८) बन क्षेत्र, (९) सार्वजनिक उपयोग तथा खुल्ला क्षेत्र र (१०) सार्वजनिक तथा निजी निर्माण क्षेत्र (११) प्रशासनिक क्षेत्र तथा अन्य क्षेत्रमा विभाजन विभाजन गर्नु पर्नेछ। यसरी भू-उपयोग क्षेत्र निर्धारण गर्दा मौजुदा उपयोग, भू-बनौट, भू-क्षमता, उपयुक्तता तथा स्थानीय आवश्यकता समेतलाई आधार मान्नु पर्नेछ। भू-उपयोग योजना निर्माण गर्दा स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ (२) लगायत प्रचलित कानून बमोजिम जोखिम संवेदनशीलताका आधारमा गर्नु पर्नेछ। यस प्रयोजनका लागि वीरेन्द्रनगर नगरपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नेछ र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति प्रदान गर्नेछ। विज्ञ टोलीले जग्गा उपयोग सम्बन्धी प्राविधिक मापदण्ड समेत तयार गर्नेछ।

(२.२) **वातावरण संरक्षण योजना (Environment Conservation Plan) :** यस योजना निर्माण गर्दा नगरपालिका क्षेत्रमा आवश्यक पार्क, हरित उद्यान, बोटानिकल गार्डेन, बन तथा संरक्षण क्षेत्र, स-साना हरित आइल्याण्ड, फोहोर सङ्कलन क्षेत्र, ल्याण्डफिल साइट, सडक किनार वृक्षारोपण तथा हरियाली, ताल पोखरी संरक्षण, इनार तथा पानीको मुहान संरक्षण, जलाधार संरक्षण, वर्षादको पानी संकलन, भूमीगत पानीको संरक्षण, नदी किनार संरक्षण जस्ता विषयहरु समावेश गर्नु पर्नेछ। वातावरण संरक्षण योजना निर्माण गर्दा नेपाल सरकारबाट स्वीकृत वातावरणमैत्री

स्थानीय शासन प्रारुप, २०७८, प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावली लगायत प्रचलित कानूनमा उल्लेखित सूचकहरूको कार्यान्वयनलाई प्राथमिकतामा राख्नु पर्नेछ।

(२.३) **यातायात गुरु योजना (Transportation Master Plan):** यस योजनामा निर्धारित अवधिमा निर्माण हुने सडक, पुल तथा यातायातका अन्य माध्यमको खाका तयार गर्नु पर्नेछ। सडक निर्माण योजना तर्जुमा गर्दा सडकको वर्गीकरण, मापदण्ड र अधिकार क्षेत्रका बारेमा स्पष्ट गर्नु पर्नेछ। सडक निर्माण गर्दा सडक किनाराको हरियाली, सडक पेटी, सहरी क्षेत्रमा पार्किङ्ग स्थल र साइकल लेन सहितको सडक निर्माण प्रस्ताव गर्नु पर्नेछ। यातायात गुरु योजना निर्माण गर्दा हरेक प्रस्तावित सडकको अधिकार क्षेत्र र सेटव्याक सीमा समेत नेपाल सरकारले निर्धारण गरेको मापदण्ड भन्दा कम नहुने गरी निर्धारण गर्नु पर्नेछ। सडकको नामाकरण गर्दा कर्णाली क्षेत्रको पहिचान स्थापित गर्नु पर्नेछ। यो योजना भौगोलिक सूचना प्रणाली सम्बन्धी प्रविधि प्रयोग गरी निर्माण गर्नु पर्नेछ। यो योजना ग्रामीण पहुँच कार्यक्रमबाट तयार गरिएको नगरपालिका यातायात गुरुयोजना निर्देशिका (MTMP Guidelines), प्रदेश यातायात गुरुयोजना लगायत कार्यान्वयनमा रहेका गुरुयोजनालाइ आधार बनाइ सो अनुसार निर्माण गर्नु पर्नेछ।

(२.४) **सार्वजनिक पूर्वाधार विकास योजना (Public Infrastructure Development Plan)** यस क्षेत्र अन्तर्गत खेलकुद मैदान, कभर्डहल, सामुदायिक भवन, सिटी हल, रङ्गशाला, सडकबत्ती, प्रशासनिक तथा सेवा केन्द्र भवन, पर्यटकीय पूर्वाधार लगायतका पूर्वाधारहरूको योजना समावेश गर्नु पर्नेछ। प्रादेशिक राजधानीमा हाल रहेका सार्वजनिक निकाय, सामुदायिक निकायको अवस्थति, पूर्वाधारको आधारभूत मापदण्ड र भविष्यमा यस क्षेत्रमा आवश्यक पर्ने आवश्यकताको खाका समेत प्रस्तुत गर्नु पर्नेछ। सार्वजनिक कार्यालयको भवनको आकार, प्रकार, वास्तु विवरण, रङ्ग तथा आन्तरिक सजावटका मापदण्ड आदि समेत निर्धारण गर्नु पर्नेछ।

(२.५) **एकीकृत बस्ती विकास, जग्गा एकीकरण तथा आवास योजना (Integrated Settlment Development, Land Pooling, Land Development Plan and Housing Plan):** एकीकृत बस्तीले सार्वजनिक सेवा, सडक लगायतका सार्वजनिक पूर्वाधारको लागत घटाउँछ, सामाजिक

पूँजी बढाउँछ र आर्थिक गतिविधि तथा उत्पादकत्व बढाउँदछ । जग्गा एकीकरण तथा विकासले एकीकृत बस्ती बसाउन वा कृषि प्रयोजनका लागि नमिलेका जग्गालाई मिलेको प्लटमा रुपान्तरण गर्दछ । भू-उपयोग योजना र भू-उपयोग क्षेत्रको आधारमा खेतीयोग्य जग्गा वाहेकको जग्गामा व्यवस्थित घडेरी विकास तथा बिक्री गरेर एकीकृत बस्ती विकास गर्न सकिन्छ। यो योजना निर्माण गर्दा यस सम्बन्धी नेपाल सरकारले जारी गरेका मापदण्ड अनुसार गर्नु पर्नेछ। यो योजना तयार पार्दा भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली २०७९ बमोजिम तयार गर्नु पर्नेछ। यस योजनामा आवासीय क्षेत्र, सार्वजनिक क्षेत्र, औद्योगिक क्षेत्र तथा व्याबसायिक क्षेत्र निर्धारण गरी पूर्वाधार र यसको मापदण्ड निर्धारण गर्नु पर्नेछ। जग्गा एकीकरण सम्बन्धी कार्य गर्दा नगर विकास ऐन, २०४५ लगायत प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(२.६) **वीरेन्द्रनगर आर्थिक विकास योजना (Birendranagar Economic Development Plan):** वीरेन्द्रनगर आर्थिक विकास योजनामा निजी लगानी परिचालन; लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, उत्पादनशील पूर्वाधार निर्माण, औद्योगिक करिडोर, औद्योगिक ग्राम निर्माण, आयमूलक तथा सीपमूलक कार्यक्रमको सञ्चालन, बहुप्राविधिक शिक्षालयको निर्माण र वस्तु विशेषका औद्योगिक क्षेत्रको विकास जस्ता विषयहरु समावेश गर्नु पर्नेछ।

(२.७) **सामाजिक विकास योजना (Social Development Plan:** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बाल विकास, युवा र खेलकुद, कला तथा सँस्कृति लगायत सामाजिक विकास र सेवा प्रवाहसँग सम्बन्धित विषयहरुलाई यस क्षेत्रमा समावेश गर्नु पर्नेछ । यस अन्तर्गत अस्पताल निर्माण तथा सञ्चालन, प्राविधिक धार तथा शिक्षा सञ्चालन, एक विद्यालय एक विशेषताका कार्यक्रम आदि समेत पर्नेछन् ।

(२.८) **संस्थागत विकास योजना (Institutional Development Plan):** यसमा संस्थागत विकासका लागि गरिने क्षमता विकास, संगठन विकास, जनशक्ति विकास, आदि विषयलाई समेट्नु पर्नेछ।

(२.९) **विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विकास योजना (Disaster Reduction and Resilent Development Plan)**: राम्रा गाउँ र सहरमा पर्याप्त खुल्ला स्थान हुनुपर्दछ। सक्षम

गाउँ तथा सहरहरु उत्थानशील हुन्छन् र जस्ले विपद्सँग जुध्न सक्दछन्। यस क्षेत्र अन्तर्गत सहरी योजना तथा भवन संहिताको कार्यान्वयन, भूकम्प प्रतिरोधी भवनको निर्माण र रेट्रोफिटिङ्ग, विपद् र जलवायु जोखिम न्यूनीकरण र उत्थानशीलता विकास, विपद् पूर्वतयारी, वर्षातको पानी सङ्कलन, भू तथा जलाधार क्षेत्र संरक्षण, पोखरी निर्माण तथा संरक्षण, विकासका पूर्वाधार संरक्षण, जस्ता विषयहरु पर्नेछन्। यस योजनामा नगर क्षेत्रमा रहने सबै मौजूदा तथा प्रस्तावित खुला क्षेत्रको समेत योजना समावेश गर्नु पर्नेछ।

(२.१०) **काँक्रि बिहार संरक्षण योजना (Kankre Bihar Area Conservation Plan)**: ऐतिहासिक तथा साँस्कृतिक महत्वका प्राचीन सहर, गाउँ तथा बस्तीहरुले आफ्नो मौलिकता जोगाउन र आफ्ना सम्पदाहरुको संरक्षण गर्न एवम् पर्यटकीय आकर्षणको केन्द्र बनाउन पुनरुत्थान, संरक्षण तथा व्यवस्थापन योजना आवश्यक हुन्छ। यस्ता ऐतिहासिक र साँस्कृतिक महत्वको सम्पदायुक्त नगरपालिकाले संरक्षण, पुनरुत्थान तथा पुनःनिर्माण योजना निर्माण गरी ऐतिहासिक र साँस्कृतिक गौरवलाई पूनः स्थापित गराउन सक्दछन्। यस योजनामा काँक्रिबिहार सांस्कृतिक क्षेत्रको विकास र पुनरोत्थान विकास योजना समेत समावेस गर्नु पर्नेछ। यस योजनामा वीरेन्द्रनगरलाई ७९ वटा पालिकाको झलक दिने गरी तयार गर्नु पर्नेछ।

३. **वीरेन्द्रनगर स्थानगत एकीकृत नगर विकास योजना निर्देशक समिति:** योजना निर्माणको समष्टिगत मार्गदर्शन, योजनाको आधारभूत मापदण्ड सम्बन्धी निर्णय, योजना मस्यौंदा कार्यपालिका तथा प्रदेश सरकारमा सिफारिसको लागि प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा देहायको एक निर्देशक समिति रहनेछ ।

(३.१) **निर्देशक समितिको संरचनाः**

| | | |
|---|---|---|
| १. | मुख्य मन्त्री | अध्यक्ष |
| २. | मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३. | मन्त्री, भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय | सदस्य |
| ४. | प्रतिनिधि सभा सदस्य, क्षेत्र नं २, सुर्खेत | सदस्य |
| ५. | प्रदेश सभा सदस्य, क्षेत्र नं २ (क), सुर्खेत | सदस्य |
| ६. | प्रमुख, जिल्ला समन्वय समिति सुर्खेत | सदस्य |
| ७. | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| ८. | प्रमुख, वीरेन्द्रनगर नगरपालिका | सदस्य |

| | | |
|---|---|---|
| ९. | उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| १०. | सचिव, प्रदेश योजना आयोग | सदस्य |
| ११. | सचिव, भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय (भौतिक पूर्वाधार हेर्ने) | सदस्य |
| १२. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| १३. | अध्यक्ष, सुर्खेत उद्योग वाणिज्य संघ | सदस्य |
| १४. | सचिव, शासकीय सुधार महाशाखा, मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सदस्य सचिव |

**(३.२) जिम्मेवारीहरूः**

१. परियोजना कार्यान्वयन समितिबाट सिफारिस भई आएको एकीकृत विकास योजना स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्ने।

२. योजना निर्माण प्रकृयामा समुदाय तहमा कुनै विवाद उत्पन्न भएमा सहजीकरण गर्ने।

३. योजना निर्माण प्रकृयामा परियोजना कार्यान्वयन समितिलाई नीतिगत मार्गदर्शन गर्ने ।

४. विज्ञ समूहको कामको गुणास्तर सुनिश्चितता गर्ने ।

५. एकीकृत विकास योजनाको गुणस्तरको सुनिश्चतता तथा योजना दस्तावेजको पुनरावलोकन गर्ने।

६. एकीकृत विकास योजना निर्माणको लागि प्रचलित कानुनको परिधिमा रही आधारभूत मापदण्डहरू स्वीकृत गर्ने ।

७. एकीकृत विकास योजना कार्यान्वयनको अनुगमन गर्ने ।

८. एकीकृत विकास योजना निर्माणको लागि आवश्यक प्रचलित कानुन बमोजिम आधारभूत मापदण्डहरू स्वीकृतिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

९. एकीकृत विकास योजना निर्माणका लागि आवश्यकता अनुसार आफ्नो बैठकमा विज्ञहरूलाई आमन्त्रण गर्ने ।

१०. समितिका पदाधिकारी र बढीमा ३ जना आमन्त्रित सदस्यलाई प्रदेश सरकारको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ

४. **परियोजना कार्यान्वयन समितिः** एकीकृत विकास योजनाको कार्यान्वयन र नियमिति प्रशासनिक व्यवस्थापनका लागि देहायको एक परियोजना कार्यान्वयन समिति रहनेछ।

**(४.१) परियोजना कार्यान्वयन समितिको संरचनाः**

| | |
|---|---|
| १. मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| २. उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| ३. प्रमुख, वीरन्द्रनगर नगरपालिका | सदस्य |
| ४. उप-प्रमुख, वीरेन्द्रनगर नगरपालिका | सदस्य |
| ५. सचिव (शासकीय सुधार महाशाखा), मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य |
| ६. सचिव, भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय | सदस्य |
| ७. प्रमुख प्रशासकीय अधिकृत, वीरेन्द्रनगर नगरपालिका | सदस्य |
| ८. मालपोत अधिकृत, जिल्ला मालपोत कार्यालय, सुर्खेत | सदस्य |
| ९. प्रमुख, नापी कार्यालय सुर्खेत | सदस्य |
| १०. कार्यकारी प्रमुख, सुर्खेत उद्योग वाणिज्य संघ | सदस्य |
| ११. सचिव, कर्णाली प्रदेश योजना आयोग | सदस्य-सचिव |

- सुर्खेत जिल्लाको प्रमुख जिल्ला अधिकारी लगायत अन्य आवश्यक जनशक्तीलाइ आवश्यकता अनुसार समितिको बैंठकमा आमन्त्रण गर्न सकिनेछ ।
- कर्णाली प्रदेश योजना आयोगको प्रशासकिय प्रमुखले सचिवालय तथा आयोजना कार्यालयको व्यवस्थापन गर्नु पर्नेछ ।

**(४.१) परियोजना कार्यान्वयन समितिको जिम्मेवारीहरू**

१. एकीकृत विकास योजना निर्माण सम्बन्धी परियोजना कार्यान्वयन गर्ने गराउने ।
२. विज्ञहरूको छनौट एवम् सूची तयार गरी आवश्यकता अनुसार परिचलान गर्ने ।
३. एकीकृत विकास योजना निर्माणमा संलग्न विज्ञबाट भएको कामको अनुगमन, समीक्षा तथा पुनरावलोकन गर्ने ।
४. भू-उपयोग योजना निर्माणमा जग्गा वर्गीकरणमा कुनै बाधा अड्चन भएमा सहजीकरण गर्ने ।
५. योजना निर्माणको क्रममा प्रदेशसँग समन्वय गर्ने ।
६. विषयगत समितिहरूसँग समन्वय गर्ने ।
७. योजना निर्माणमा, जनशक्ति, स्रोत तथा सहयोग जुटाउने
८. विज्ञ टिमहरूबाट प्रस्तुतिकरण गर्न लगाउने ।
९. आवश्यकता अनुसार बैठकमा अन्य विषय विज्ञलाई आमन्त्रण गर्ने ।
१०. एकीकृत विकास योजना निर्माणमा रहने विज्ञहरूको कामको अनुगमन गरी गुणस्तर सुनिश्चित गर्ने।

११. योजना निर्माणका सिलसिलामा अभिमूखीकरण कार्यक्रम संचालान गर्ने, गराउने।

१२. योजना निर्माणमा आवश्यक उपकरण जस्तै Total Station, GPS, Soil Test उपकरण आदिको प्रबन्ध गर्ने ।

१३. विकास साझेदार सँग सहाकार्य गरी योजना निर्माणका आवश्यक जनशक्तिको व्यवस्था मिलाउने

१४. निर्देशक समितिका निर्णयहरू कार्यान्वयन गर्ने ।

१५. एकीकृत विकास योजना निर्माणको विज्ञ समूहलाई सहजीकरण गर्ने ।

१६. एकीकृत विकास योजना निर्माणको लागि आधारभूत मापदण्डहरू स्वीकृतिका लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने ।

१७. सरोकारवालासँग अन्तर्क्रिया गर्ने गराउने ।

१८. एकीकृत विकास योजना निर्माण सम्बन्धि परियोजना कार्यालय रहने स्थान छनौट गर्ने र सो कार्यालयका लागि आवश्यक लजिस्टिकको व्यवस्था गर्ने गराउने ।

१९. संयोजकको अनुपस्थतिमा प्रदेश योजना आयोगका उपाध्यक्षले संयोजकको समेत भूमिका निभाउनु पर्नेछ।

२०. नगर विकास समितिसंग सह-कार्य गर्ने

२१. समितिका पदाधिकारी र बढीमा २ जना आमन्त्रित सदस्यलाई प्रदेश सरकारको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ

२२. समितिले आफ्नो बैठकको कार्यविधि आफैं निर्धारण गर्नेछ

५. **एकीकृत विकास योजना निर्माणको प्राविधिक विज्ञ समूहः** एकीकृत विकास योजना निर्माणमा संलग्न रहने विज्ञ समूहमा देहायका प्राविधिक विज्ञहरू रहनुपर्नेछ र उक्त विज्ञ समूहले परियोजना कार्यान्वयन समितिको प्रत्यक्ष निर्देशन र समन्वयमा रही स्थलगत रूपमै नियमित रूपमा बसी कार्य गर्नुपर्नेछ। विज्ञ समूहको कार्यकक्ष परियोजना कार्यान्वयन समितिले निर्धारण गरेको स्थानमा रहनेछ। सो स्थान निर्धारण नभए सम्म परियोजना कार्यालय प्रदेश सुशासन केन्द्रमा रहनेछ। परियोजनाको विज्ञ समूहलाई आवश्यक स्रोत साधन प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम लगायत विकास साझेदार र प्रदेश सरकारबाट व्यवस्थापन गर्नु पर्नेछ। परियोजना कार्यान्वयन समितिले मौजुदा जनशक्तिलाई यस कार्यमा खटाउन सकिनेछ। बिज्ञहरुको लागत प्रदेशबाट व्यहोर्नु पर्ने हकमा मासिक वा समयका आधारमा नभै कामको आधारमा एकमुष्ठ रुपमा आपसी सम्झौताबाट उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

| जनशक्ति | संख्या | योग्यता | जिम्मेवारी |
|---|---|---|---|
| १. शहरी योजनाकार | १ | नेपाल ई. काउन्सिलमा दर्ता भएको र शहरी योजनामा स्नातकोतर गरेको। सहरी योजना सम्बन्धी कार्यमा कम्तिमा ५ वर्षको कार्यअनुभव भएको | ▪ प्राविधिक विज्ञ समूहको टिम लिडर भई प्राविधिक विज्ञ समूहको संयोजन गर्ने, योजना दस्तावेज मस्यौदा तयार गर्ने, अन्य विज्ञको कामको गुणस्तर कायम गर्ने<br>▪ प्राविधिक दस्तावेज तयार गर्ने, गर्न लगाउने तथा पुनरावलोकन गर्ने |
| २. स्थानीय शासन विज्ञ | १ | स्नातकोत्तर उत्तीर्ण भएको। स्थानीय तहमा रही स्थानीय शासन सम्बन्धी कार्यमा ७ वर्षको अनुभव भएको | ▪ मस्यौदा लेखन<br>▪ सहजीकरण<br>▪ नगरपालिकासँग समन्वय |
| ३. Structural Engineer | १ | Master in structural engineering र आफ्नो कार्यमा कम्तिमा ५ वर्षको अनुभव भएको | ▪ सहरी विकास र सहरी पूर्वाधारको Structural डिजाईन गर्ने |
| ४. Geo Technical Engineer | १ | Geo Technical Engineering स्नातक गरेको। Geo Technical Engineering को कार्यमा ५ वर्षको अनुभव भएको | ▪ Support team to geo-investigation of the area, to find out geologically sensitive area, technology choice for such area, finding geo-fault lines in the area, soil investigation of prioritized sub-project sites, etc. |
| ५. आर्किटेक्ट ई. | १ | आर्किटेक्ट ई. मा स्नातक भइ नेपाल ई. काउन्सिलमा दर्ता भएको। आर्किटेक इन्जिनितरिङ्गको क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको | ▪ Support to team leader/ urban/ infrastructure planner to prepare land use zoning, building inventory, urban design conceptualization, and building bye-laws |

| जनशक्ति | संख्या | योग्यता | जिम्मेवारी |
|---|---|---|---|
| ६. Environmental Engineer | १ | Environmental ई. मा स्नातक भइ नेपाल ई. काउन्सिलमा दर्ता भएको। वातावरण संरक्षणको क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको | ▪ Support team to find out environmental sensitive areas and find mitigation measures to protect natural environment,<br>▪ हरियाली पार्क, पोखरी,सडक हरियाली, जलाशय, बोटानिकल गार्डेन आदिको डिजाईन |
| ७. GIS Expert | १ | GIS विषयमा स्नातक गरी कम्तिमा ५ वर्ष GIS काम गरेको अनुभव भएको | ▪ Advice to team leader, prepare database/ update base maps of Municipality area<br>▪ Apply GIS based system for the preparation of plans, maps, drawings etc.<br>▪ Develop GIS data base,develop base map of towns. |
| ८. Economist/Financial Analyst | १ | अर्थशास्त्र वा वित्त व्यवस्थापनमा स्नातकोत्तर गरी अर्थशास्त्र वा वित्त विश्लेषण सम्बन्धी कार्यमा कम्तिमा ५ वर्षको कार्यअनुभव भएको | ▪ लगानी योजना तयार<br>▪ Conduct economic/financial analysis of proposed infrastructure. |
| ९. Civil Engineer | १ | सिभिल ईन्जिनियरिङ्गमा स्नातक गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको र पूर्वाधार निर्माणमा कम्तिमा ५ वर्षको अनुभव भएको । | ▪ Support to urban/ infrastructure planner & environment engineer for design and costing of infrastructures sub-projects.<br>▪ Support to team leader for preparation of Digital base map |
| १०. कानून विज्ञ | | कानूनमा स्नातकोत्तर गरेको र ७ वर्षको कार्य अनुभव भएको | ▪ मापदण्डको कानुन सम्मत निर्माणमा सहयोग<br>▪ संस्थागत विकास सम्बन्धी मापदण्ड |

| जनशक्ति | संख्या | योग्यता | जिम्मेवारी |
|---|---|---|---|
| | | | ▪ ढाँचाहरू तयार |
| ११. सर्भे इन्जिनयरिङ्ग | १ | सम्बन्धित विषयमा स्नातकोत्तर | ▪ नापी सम्बन्धि कार्य<br>▪ जग्गा वर्गीकरण |
| १२. कम्पुटर अपरेटर | १ | नेपालीमा टाइप गर्न जान्ने | ▪ मस्यौदा टाइप, प्रतिवेदन छपाई आदि |

६. **योजना निर्माण गर्दा बनाउनुपर्ने दस्तावेजहरू:** एकीकृत विकास योजना Spatial Planning को अवधारणामा रहनेछ। यो योजना भू-उपयोग नक्शा प्रयोग गरी बनाउनु पर्नेछ । यो योजना निर्माण गर्दा विज्ञ समूहले परियोजना कार्यालयमा रही नियमित विस्तृत फिल्ड (भौगोलिक क्षेत्र) निरीक्षण गरी परियोजना कार्यान्वयन समितिको प्रत्यक्ष निगरानी रही देहायका दस्तावेजहरू तयार गर्नु पर्नेछ ।

| दस्तावेजको नाम | विवरण |
|---|---|
| १. रणनीतिक मार्गदर्शन | दिर्घकालीन सोंच लक्ष्य, उदेश्य, रणनीतिक समावेश गर्नु पर्नेछ । यो तयार गर्दा SWOT Analysis, PESTLE विश्लेषण गरी समावेश गर्नुपर्नेछ |
| २. विश्लेषण सहितको श्रोत नक्सा (Resource Map) | यसमा विश्लेषण सहित स्रोत नक्सा बनाउनु पर्नेछ। श्रोत नक्सामा उपलब्ध सबै प्राकृतिक स्रोत तथा अन्य स्रोतको नक्साङ्कन गर्नु पर्नेछ। |
| ३. वीरेन्द्रनगरको पार्श्वचित्र (Profile) : | राष्ट्रिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को ढाँचामा पार्श्वचित्र तयार गर्नुपर्नेछ । |
| ४. स्थानगत एकीकृत विकास योजना | यसमा स्थानगत एकीकृत विकास योजनाका सबै सम्भागहरू रहनु पर्दछ। |
| ५. स्थानगत एकीकृत विकास योजनाको परियोजना बैंक: | योजना दस्तावेजको आधारमा आगामी ५ वर्षका लागि प्रदेश तथा स्थानीय तहको परियोजना बैंक समेत निर्माण गर्नु पर्नेछ। |
| ६. कार्यान्वयन कार्ययोजना | यस लगानीको प्रक्षेपण, अनुगमन योजना सहित स्थानगत योजनाको जिम्मेवारी तालिका सहित कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्दछ। परियोजना कार्यान्वयन समितिले यसको ढाँचा निर्धारण गर्नेछ। |

७. **योजना कार्यान्वयनका लागि लगानी:** एकीकृत विकास योजना निर्माण गर्दा कम्तिमा २० वर्षलाई सोचेर तयार गर्नुपर्नेछ भने सालबसाली कार्यान्वयनको लागि ५ वर्षलाई क्रियाकलापको निर्धारण तथा लगानी प्रक्षेपण गर्नुपर्नेछ। योजना निर्माण पश्चात सो कार्यान्वयनका लागि लागि देहाय बमोजिम श्रोत जुटाउने गरी वित्तीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ। यो कार्यान्वयन कार्ययोजनाको अभिन्न अङ्गको रूपमा रहनेछ।

१. नेपाल सरकारबाट प्राप्त हुने रकमहरू

२. प्रदेश सरकारबाट प्राप्त हुने रकमहरू

३. स्थानीय तहबाट लगानी हुने रकम

४. निजी क्षेत्रबाट लगानी हुने रकम

५. सामुदायिक क्षेत्रबाट लगानी हुने रकम

६. आन्तरिक ऋणबाट लगानी गरिने रकम

७. विकास साझेदारहरुबाट लगानी गरिने रकम

८. अन्य सार्वजनिक क्षेत्रबाट लगानी हुने रकम

८. **एकीकृत विकास योजना निर्माणको परियोजना कार्यालय**

१. एकीकृत विकास योजना निर्माणको लागि परियोजना व्यवस्थापकको नेतृत्वमा एक परियोजना कार्यालय रहनेछ। परियोजना कार्यान्वयन समितिको सदस्य-सचिवले सो समितिको प्रत्यक्ष निर्देशन र समन्वयमा रही परियोजना अवधिभरी परियोजना व्यवस्थापकका रूपमा कार्य गर्नेछन्।

२. प्रदेश राजधानी वीरन्द्रनगरको एकीकृत विकास योजनाको परियोजना कार्यालय परियोजना कार्यान्वयन समितिले निर्धारण गरेको स्थानमा रहनेछ।

३. एकीकृत विकास परियोजना कार्यालयमा परियोजना व्यवस्थापकको नेतृत्वमा विज्ञ समूह रहनेछन्।

४. परियोजना कार्यालयको प्रशासनिक खर्चहरु मौजुदा बजेटबाटै व्यवस्थापन गर्नु पर्नेछ। मौजूदा रकम कमी भएमा परियोजना कार्यान्वयन समितिको सिफारिसमा निर्देशक समतिको निर्णय गराई प्रदेश सरकारसँग माग गर्न सकिनेछ।

५. परियोजना कार्यालयले निर्देशक समिति र परियोजना कार्यनवयन समितिको निर्देशनमा रही कार्य गर्नेछ।

६. परियोजना संचालनमा प्रचलित कानुनको परिधि भित्र रही प्राविधिक परियोजना कार्यान्वयन समितिले कर्णाली प्रदेशमा कार्यरत विकास साझेदारहरूको उपकरण स्रोत तथा जनशक्ति परिचालन गर्न सक्नेछ।

७. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले परियोजना कार्यालयलाई आवश्यक सहयोग र सहजीकरण गर्नेछ। प्राविधिक विज्ञको हकमा नेपाल इन्जिनियर काउन्सिलमा दर्ता भएका प्राविधिक कर्मचारीहरू एकीकृत विकास योजना निर्माणको विज्ञ समूहमा रही कार्य गर्नेछन्।

८. प्राविधिक विज्ञहरूको कार्यशर्त परियोजना कार्यान्वयन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

९. परियोजना कार्यालयले वीरेन्द्रनगर नगर विकास समिति लगायतका सरोकारवालाहरुसँग सहकार्य गर्नु पर्नेछ।

१०. परियोजना अवधि: यो योजना दस्तावेज २०८० जेठ मसान्त भित्रमा तयार गरी सक्नु पर्नेछ।

९. **एकीकृत विकास योजना निर्माणका क्रियाकलापहरुः**

| **क्रियाकलापहरु** |
|---|
| १. प्रदेश सरकारबाट स्थानगत योजना निर्माणको सैद्धान्तिक निर्णय |
| २. वीरेन्द्रनगर नगरपालिकाबाट स्थानगत योजना निर्माणको निर्णय |
| ३. नगरपालिका र प्रदेश सरकारबीच स्थानगत योजना निर्माण सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर |
| ४. परियोजना कार्यान्वयन समितिबाट स्थानगत योजना निर्माणमा संलग्न हुने विज्ञ छनौट |
| ५. परियोजना कार्यान्वयन समितिबाट विज्ञलाई जिम्मेवारी बाँडफाँट |
| ६. योजना निर्माणमा स्रोत परिचालन |
| ७. योजना निर्माण टोलीको परियोजना कार्यालय भवन उपलब्ध |
| ८. योजना निर्माण टोलीको लजिस्टिक व्यवस्था |
| ९. योजना निर्माण टोलीको लागि अनुशिक्षण, अभिमुखीकरण |
| १०. योजना सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधिलाई अभिमूखीकरण |
| ११. स्थानगत योजना निर्माण |
| १२. स्थानगत योजनाको कार्यान्वयन |
| १३. योजनाको पुनरावलोकन |

१०. **परियोजनाका लागि आवश्यक उपकरण तथा सामग्रीहरुः** परियोजनालाई आवश्यक उपकरण तथा सामग्रीको प्राविधिक समितिले निर्धारण गरे अनुसार हुनेछ। साधारणतया देहायका साम्रग्रीहरू परियोजना कार्यालयमा रहनेछन ।

१. टोटल स्टेशन

२.	कम्प्युटर
३.	प्रिन्टर
४.	मल्टिमिडिया प्रोजेक्टर
५.	जिपस उपकरण
६.	ड्रोन क्यामरा
७.	टेलिभिजन
८.	स्टेशनरी सामग्रीहरू
९.	फर्निचर
१०.	सवारी साधन
११.	माटो परीक्षणका साधनहरू
१२.	अन्य सामाग्रीहरू

११. **परियोजना कार्यालयका जिम्मेवारीहरुः** परियोजना व्यवस्थापकको नेतृत्वमा रहने परयोजना कार्यालयमा रहने प्राविधिक विज्ञ समूहको जिम्मेवारीहरू देहाय बमोजिम रहनेछ ।

- प्रादेशिक राजधानीको विकासको दीर्घकालीन सोंच, लक्ष्य, रणनीतिक प्राथमिकता सहित रणनीतिक योजना (Strategic Plan) निर्माण गर्नु पर्नेछ। दीर्घकालीन सोंच २० वर्षको लागि हुनु पर्नेछ । रणनीतिक योजना तयार गर्दा वीरेन्द्रनगरको आन्तरिक सबल तथा कमजोर पक्षहरू, यसका बाह्य अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis) गर्नु पर्नेछ। यो योजना तयार गर्दा प्रादेशिक राजधानी निर्माणको राजनीतिक वातावरण, आर्थिक वातावरण, सामाजिक वातावरण, प्राविधिक पक्ष, कानुनी पक्ष र पर्यावरणीय पक्षको विश्लेषण गरी यसको आधारमा हालको अवस्था के छ, विषयगत गन्तब्यहरू के के हुन सक्छ, गन्तव्यमा पुग्न के कस्ता अवरोधहरू छन र यी अवरोधलाई हटाई दीर्घकालीन सोंच र लक्ष्य के कसरी हासिल गर्ने भन्ने समबन्धमा खाका समेत तयार गर्नु पर्नेछ।
- स्थानगत योजना संग सम्बन्धित राष्ट्रिय, प्रदेश तथा स्थानीय स्तरमा रहेका दस्तावेज तथा प्रतिवेदन एवम् यसै प्रकृतिका कार्यहरुको योजनाको प्रारुपहरुको पूनरावलोकन तथा अध्ययन गर्नु पर्नेछ ।
- परियोजना कार्यालयले प्रदेश राजधानी विरेन्द्रनगरको प्रशासनिक पूर्वाधार योजना (Administrative Infrastructure Plan) निर्माण गर्नु पर्नेछ। विरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी तथा मुख्य प्रशासनिक केन्द्र भएकाले यहाँ रहेका संघ, प्रदेश र स्थानीय तहका प्रशासनिक निकायहरू र वित्तीय संस्था लगायतका सार्वजनिक कार्यालयका जग्गा जमिन तथा भौतिक संरचनाको अभलेख तयार पारी योजना निर्माण पश्चात उक्त संरचनाहरु रहने स्थान, संरचनाको आकार प्रकार र मापदण्ड समेत प्रस्ताव गर्नु पर्नेछ। संरचनाको मापदण्ड तयार गर्दा सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत

मापदण्डलाई आधार मान्नु पर्नेछ। यो योजना तयार गर्दा भू-उपयोग योजनाको वर्गीकरणमा आधारित हुनु पर्नेछ।

- व्याबसायिक भवन तथा आवास क्षेत्रको योजना (Commercial and Residential Building Plan) एकीकृत विकास योजनाको अभिन्न अङ्गको रूपमा रहनेछ। यस योजनामा अपार्टमेन्ट रहने क्षेत्र, अपार्टमेन्टको आकार प्रकार, आवसीय क्षेत्र, आवासीय क्षेत्रमा रहने भवनको आकार प्रकार आदिको हालको अवस्था र भावी योजना सहितको खाका प्रदान गर्नु पर्नेछ। यो योजना सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको आधारमा तयार गर्नु पर्नेछ। यस योजनामा भवनको उचाई, खुला स्थान, सेट व्याक, भवनको वास्तु, आर्किटेक डिजाईन, भवनको रङ्ग, भवनमा प्रयोग हुने सामग्रीको आधारभूत मापदण्ड समेत स्पष्ट गर्नु पर्नेछ। भवनको आर्किटेक डिजाईन प्रस्तुत गर्दा कर्णाली, राप्ती, भेरी र उपल्लो डोल्पाको कला, संस्कृति र भवन संरचनालाई आधार मान्नु पर्नेछ।
- विज्ञ समूहले खुल्ला क्षेत्रको योजना (Open Space Plan) समेत तयार गर्नु पर्नेछ। वीरेन्द्रनगरको कुल भू-भागको कम्तिमा ४० प्रतिशत खुला क्षेत्र रहनु पर्नेछ। यस प्रयोजनका लागि हाल रहेका खुला क्षेत्रको विवरण तयार गरी व्यक्तिगत आवास, सामुहिक आवास, सार्वजनिक आवास र सरकारी आवासका लागि तथा विपदको समयका लागि समेत सार्वजनिक खूला क्षेत्र सिफारिस गर्नु पर्नेछ।
- विज्ञ समूहले वीरन्द्रनगरको आर्थिक विकास योजना (Economic Development Plan) को खाका समेत तयार गरी यहाँ रहने औद्योगिक क्षेत्र, विशेष उत्पादन क्षेत्र, रोजगारी क्षेत्र आदिको समेत खाका प्रदान गर्नु पर्नेछ। एकीकृत विकास योजनाको कार्यान्वयनबाट हुने रोजगारी सृजनाको प्रक्षेपण, हाल वीरन्द्रनगर रहेको सीपको नक्साङ्कन, सीप आवश्यकता अन्तरको विश्लेषण, सीप उत्पादन क्षेत्रको खाका आदि समेत समावेश गर्नु पर्नेछ। यसमा सेवा क्षेत्र, व्यबसायिक क्षेत्र, निर्माण क्षेत्र, औद्योगिक क्षेत्र र सार्वजनिक क्षेत्रबाट हुने रोजगारीको कार्ययोजना समेत प्रस्तुत गर्नु पर्नेछ।
- यो योजनामा भू-उपयोग योजना (Land Use Plan) समावेश गर्नु पर्नेछ। वीरन्द्रनगरको हालको जमिनको उपयोगको नक्साङ्कन गरी भविष्यमा कुन क्षेत्रमा के कसरी जमिनको उपयोग गर्ने, जग्गा एकीकरण योजना के कस्ता स्थानमा बनाउने, कुन कुन स्थानमा जग्गा विकास योजना संचालन गर्ने, आसपासका क्षेत्रहरू जस्तै लेकबेसी, बाबियाचौर, छिन्चु आदि स्थानसँग यसको के कस्तो अन्तर सम्बन्ध रहने आदि समेत स्पस्ट गर्नु पर्नेछ। भू-उपयोग योजना निर्माण गर्दा जोखिम संवेदनशीलताका आधारमा तयार गर्नु पर्नेछ। भू-उपयोग योजना तयार गर्दा भू-उपयोग नियमावली, २०७९ बमोजिम जग्गाको वर्गीकरण समेत प्रस्तावित गर्नु पर्नेछ। भू-उपयोग योजनामा आवासीय क्षेत्रको प्रस्ताव गर्दा आगामी २० वर्षको आवास आवश्कतालाई प्रक्षेपण गर्नु पर्नेछ।
- विज्ञ समूहले काँक्रेविहारको ऐतिहासिक तथा सांस्कृतिक महत्वको संरक्षण गरी यसलाई पर्यटकीय गन्तब्यकारूपमा विकास गर्न यसको विशेष सांस्कृतिक योजना (Kankre Bihar Cultural Plan)

समेत तयार गर्नु पर्नेछ। यस प्रयोजनका लागि काँक्रिबिहार आसपासको क्षेत्र भवनको आर्किटेक डिजाईन समेत तयार गर्नु पर्नेछ।

- विज्ञ समूहले वीरेन्द्रनगरमा हाल रहेका स्थानीय, प्रादेशिक तथा केन्द्रीय सडक संजालको विवरण भौगोलिक सूचना प्रविधिमा नक्साङ्कन गरी आगामि २० वर्षमा यस क्षेत्रमा आवश्यक पर्ने सडकको खाका, सडकको गुणस्तर, यातायातका साधनको प्रयोग, मुख्य तथा सिटी बस पार्क, मिनि बस पार्क, पुलहरूलाई समेटी नगर यातायात गुरु योजना (Municipal Transport Master Plan) तयार गर्नु पर्नेछ। यो योजना तयार गर्दा हरेक सडकको नामाकरण, सडकको अधिकार क्षेत्र, सडकको सेट व्याक, सडकको गुणस्तर, सडक निर्माणको सामग्री, सडक किनारको संरक्षण, सडक वत्ती, सडक हरियालि, सडक फर्निचर, सडक पेटीको उपयोग, साइकल लेन, ट्राफिक व्यवस्थापन आदि समेत प्रस्ताव गर्नु पर्नेछ।
- एकीकृत विकास योजनामा सामाजिक पूर्वाधारका योजना (Social Infrastriucture Plan) समेत तयार गर्नु पर्नेछ। यसमा शैक्षिक केन्द्रहरू रहने स्थान, अस्पताल, नर्सिंग होम, पोलिक्लिनिक जस्ता स्वास्थ्य संस्थाहरू रहने स्थान, क्लबहरु, स्टेडियम, खेलकूद रंगशाला, व्यायामशाला, सिनेमाहल, अडियोटोरियम, आदि सामाजिक पूर्वाधारको खाका र यस सम्बन्धी मापदण्ड समेत प्रस्तुत गर्नु पर्नेछ।
- वातावरण संरक्षण योजना (Environment Conservagtion Plan) मा उर्जा सम्बन्धी पूर्वाधार, विपद् व्यवस्थापन सम्बन्धी पूर्वाधार, जलवायु अनुकूलन सम्बन्धी विषय, हरित आइल्यान्डहरू, सडक सौन्दर्यीकरण, ल्यान्ड फिल्ड साइटको व्यवस्थापन, हरित आवास, नदी संरक्षण, पोखरी तथा जलाशय संरक्षण, खानेपानी, सरसफाई, स्वच्छ उर्जा, वैकल्पिक उर्जा, तटबन्धन, सहरी बन, बोटानिकल गार्डेन, चिडियाखाना, आदि विषयहरू समावेश गर्नु पर्नेछ।
- विज्ञ समूहबाट सहरी विकासका संहिता (Urban Development Code) को खाका समेत प्रस्तुत गर्नु पर्नेछ। यसमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड भन्दा कमजोर नहुने गरी भवन संहिता, भवन निर्माण मापदण्ड, नगर नागरिक संहिता र वातावरण सम्बन्धी मापदण्ड समावेश हुनेछ। यसमा सबै प्रकारका भवनको उचाइ, सेटव्याक, भुँई क्षेत्रको अनुपात, जग्गा उपयोग प्रतिशत, लाईट प्लेन, पर्खालको मापदण्ड, इनारको मापदण्ड आदि समेत सिफारिस गर्नु पर्नेछ। यसमा हाल नगरपालिकाले प्रयोगमा ल्याइरहेको संहिता तथा मापदण्ड समेतलाई आधार लिनु पर्नेछ ।
- विज्ञ समूहले निर्माण भएको योजना कार्यान्वयनको लागि परियोजना बैंक सहित लगानी योजना (Investment Plan) समेत तयार गर्नु पर्नेछ। लगानी योजना तयार गर्दा निजी क्षेत्रको लगानी, सामुदायिक क्षेत्रको लगानी, विकास साझेदारको लगानी र सरकारी क्षेत्रको लगानीको आवधिक प्रक्षेपण समेत गर्नु पर्नेछ।

- विज्ञ समूहले वीरन्द्रनगरको स्रोत नक्सा (Resource Map) र नगर पार्श्व चित्र (Municipal Profile) समेत तयार गर्नु पर्नेछ। यी दस्तावेज तयार गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको ढाँचामा तयार गर्नु पर्नेछ।

१२. **परियोजना कार्यान्वयन कार्यतालिकाः**

| क्रियाकलाप | जिम्मेवारी |
|---|---|
| १. एकीकृत विकास योजनाको अवधारणा सम्बन्धमा प्रेस सम्मेलन गरी सञ्चार माध्यमलाई जानकारी गराउने | मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| २. योजना निर्माण सम्बन्धमा वीरेन्द्रनगर नगरपालिका र प्रदेश सरकारबीच समझदारी पत्रमा हस्ताक्षर गर्ने | मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| ३. योजना निर्माण सम्बन्धमा आधारभूत मापदण्ड निर्माण गर्ने | मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| ४. जोखिम संवेदनशील भू-उपयोग निर्माणका लागि जग्गको मापदण्ड निर्माण गर्ने | वीरन्द्रनगर नगरपालिका |
| ५. परियोजना कार्यालयको स्थापना गर्ने | परियोजना कार्यान्वयन समिति |
| ६. परियोजनामा रहने विज्ञ समूहको व्यवस्था गर्ने | परियोजना कार्यान्वयन समिति |
| ७. विज्ञ समूहका प्रत्येक व्यक्तिको कार्य शर्त निर्माण गरी कार्य सम्पादन सम्झौता गर्ने | परियोजना व्यवस्थापक |
| ८. एकीकृत विकास योजना निर्माणमा संलग्न विज्ञ समूहलाई अभिमुखीकरण गर्ने | परियोजना कार्यान्वयन समिति |
| ९. एकीकृत विकास योजनाका लागि विस्तृत कार्य योजना निर्माण गर्ने | परियोजना कार्यान्वयन समिति |
| १०. योजना निर्माण सम्बन्धमा वीरन्द्रनगर नगरपालिका कार्यपालिकाका पदाधिकारी र नगर विकास समितिका पदाधिकारीसँग अन्तरक्रिया | परियोजना कार्यान्वयन समिति |
| ११. वीरन्द्रनगरको पार्श्वचित्र निर्माण गर्ने | परियोजना कार्यालय |
| १२. वीरन्द्रनगरको श्रोत नक्शा निर्माण गर्ने | परियोजना कार्यालय |
| १३. रणनीतिक योजना निर्माण गर्ने | परियोजना कार्यालय |
| १४. प्रदेश राजधानीको प्रशासनिक पूर्वाधार योजना निर्माण गर्ने | परियोजना कार्यालय |
| १५. वीरेन्द्रनगरको जग्गाको वर्गीकरण गर्ने | वीरेन्द्रनगर नगरपालिका |

| क्रियाकलाप | जिम्मेवारी |
|---|---|
| १६. जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गर्ने | परियोजना कार्यालय |
| १७. यातायात गुरूयोजना निर्माण गर्ने | परियोजना कार्यालय |
| १८. सहरी विकास संहिता निर्माण | परियोजना कार्यालय |
| १९. एकीकृत विकास योजनाका अन्य सम्भागहरूको निर्माण गर्ने | परियोजना कार्यालय |
| २०. एकीकृत विकास योजना स्वीकृत गर्ने | कर्णाली प्रदेश सरकार |
| २१. एकीकृत विकास योजनाको मस्यौदा बारेमा सरोकारवालासँग राय प्रतिक्रिया लिने | वीरेन्द्रनगर नगरपालिका |
| २२. एकीकृत विकास योजनाको मस्यौदा बारेमा आम सञ्चार माध्यमलाई जानकारी गराउने | परियोजना कार्यालय |
| २३. एकीकृत विकास योजननाको मस्यौदा बारेमा नगरसभाका सदस्यलाई जानकारी | परियोजना कार्यान्वयन समिति |
| २४. एकीकृत विकास योजनाको आधारमा लगानी योजना र परियोजना बैंक निर्माण गर्ने | परियोजना कार्यालय |
| २५. जग्गा एकीकरण योजना नगर विकास समितिबाट निर्णय तथा कार्यान्वयन गर्ने | वीरन्द्रनगर नगरपालिका र नगर विकास समिति वीरन्द्रनगर |
| २६. एकीकृत विकास योजना छपाई र वितरण | कर्णाली प्रदेश योजना आयोग |
| २७. एकीकृत विकास योजना कार्यान्वयनको कार्ययोजना तयार गर्ने | परियोजना कार्यान्वयन समिति |
| २८. एकीकृत विकास योजना कार्यान्वयन गर्ने | वीरेन्द्रनगर नगरपालिका र प्रदेश सरकार |

## १३. एकीकृत विकास योजना निर्माणको अवधी र योजना अद्यावदिक गर्ने

१. यो योजनाको अन्तिम मस्यौदा २०८० जेठ मसान्त सम्ममा तयार गरी सक्नु पर्नेछ।

२. यो योजनाको कार्यान्वयन २०८० श्रावण १ देखि हुनेछ।

३. एकीकृत विकास योजना हरेक २ वर्षमा वीरन्द्रनगर नगरपालिकाको सहकार्यमा मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट अद्यावधिक हुनेछ।